शे-फोक्सुण्डो गाउँपालिका

ཤེ་ཕོ་ཀ་སུམ་མདོ་གྲོང་སྡེ་སྤྱི་ཁྱབ་སྐྱོང་ཁང་།

# गाउँ कार्यपालिकाको कार्यालय

साल्दाङ, डोल्पा

कर्णाली प्रदेश, नेपाल

शे-फोक्सुण्डो गाउँपालिका गाउँ कार्यपालिकाको साल्दाङ, डोल्पा कर्णाली प्रदेश, नेपाल

## उद्यम विकास सहजकर्ता पदपूर्ति गर्ने सम्बन्धि सूचना

(प्रथम पटक प्रकाशित मितिः–२०८२/१२/३०)

गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८२ बमोजिम यस गाउँपालिकाको उद्यम विकास कार्यक्रम कार्यान्वयन गर्नका लागि ऐ. कार्यविधिको दफा ४३ बमोजिम, शे-फोक्सुण्डो गाउँपालिकामा करारमा कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७६ र यस गाउँपालिकाको उद्यम विकास समितिको २०८२/१२/२७ गते साथै गाउँ कार्यपालिकाको मिति २०८२/१२/२८ गतेको निर्णय बमोजिम देहायको योग्यता, सीप र अनुभव भएको कर्मचारी उद्यम विकास सहजकर्ता पदमा करार सेवामा पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकहरुले प्रथम पटक यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र (अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा बिदाको भोलिपल्ट) कार्यालय समयमा दरखास्त शुल्क तिरेको नगदि रसिद वा बैंक जम्मा गरेको भौचर सहित दरखास्त पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**देहायः**

| क्र.स. | विज्ञापन नं. | पद | तह | सेवा | माग सङ्ख्या |
|---|---|---|---|---|---|
| १ | ३/२०८२/८३ | उद्यम विकास सहजकर्ता | चौथो | करार | १ |

क) रोजगार संयोजक पदका लागि शैक्षिक योग्यता र अनुभव

१. नेपाली नागरिक,

२. १८ वर्ष उमेर पूरा भई ३५ वर्ष ननाघेको हुनुपर्ने (महिला तथा अपाङ्गको हकमा थप ५ वर्ष)

३. न्यूनतम योग्यताः– CTEVT बाट मान्यता प्राप्त सहजकर्ता सम्बन्धी प्राविधिक प्रवेशिका परीक्षा T-SLC उत्तिर्ण गरेको वा सहजकर्ता सीप परीक्षणसम्बन्धी तह-२ उत्तीर्ण गरेको,

४. कम्प्युटरसम्वन्धी कम्तिमा ३ महिने आधारभूत तालिम वा आधारभूत ज्ञान भएको अनिवार्य हुनुपर्ने,

५. सहजकर्ता सम्वन्धी सरकारी तथा गैह्रसरकारी क्षेत्रमा कार्य गरी अनुभव प्राप्त गरेको।

५. भविष्यमा सरकारी सेवाका लागि अयोग्य ठहरिने गरी कुनै कारबाही नभएको,

६. नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुदार नठहरिएको,

न्यूनतम योग्यता पुगेका देहायका उम्मेदवारलाई प्राथमिकता दिइने

१. महिला (एकल महिला, दलित महिला)

२. शे-फोक्सुण्डो गाउँपालिकाको स्थानीय बासिन्दा तथा हाल बेरोजगार व्यक्ति

३. स्थानीय भाषाको ज्ञान भएको व्यक्ति

सुमन ढकाल
प्रमुख प्रशासकीय अधिकृत

"पर्यटन, जलस्रोत, पशुपालन र जडिबुटी शे-फोक्सुण्डोको आधार
दिर्घकालीन दृष्टिकोण, मानव विकास, गुणस्तरीय पूर्वाधार, गरिबी निवारण र रोजगार"

Phone: 9858390116/ Email: ito.shephoksundomun1@gmail.com / website: www.shephoksundomun.gov.np

Scanned with CamScanner

शे-फोक्सुण्डो गाउँपालिका
ཤེལ་ཕུ་སུམ་མདོ་གྲོང་སྡེ་སྤྱི་ཁྱབ་ལྷན་ཁང་།
गाउँ कार्यपालिकाको कार्यालय
साल्दाङ, डोल्पा
कर्णाली प्रदेश, नेपाल

(ख) सेवा, सुविधाः - नियमानुसार।

(ग) परीक्षाको किसिम र छनोट बिधि : संक्षिप्त सूची, लिखित र अन्तर्वार्ता परीक्षा, अन्तिम योग्यताक्रम निर्धारण।

(घ) दरखास्त दिने स्थानः शे-फोक्सुण्डो गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, (महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा) डोल्पा।

(ङ) दरखास्त दिने अन्तिम मितिः २०८३/०१/१५ गते।

(च) दरखास्त दस्तुरः रु.८०० (आठ सय मात्र)

(छ) दरखास्त दस्तुर जम्मा गर्ने खाताको नाम, खाता नं. र बैंकः- शे-फोक्सुण्डो गाउँपालिकाको आन्तरीक राजश्व खाता (खाताको नामः GA-1-1 ANTARIK RAJASHWO KHATA/ खाता नं. 1650133537700071 / बैंकः- Prabhu Bank Ltd) मा रकम जम्मा गरी बैंक भौचर पेश गर्न सकिने वा कार्यालयमा रकम जम्मा नगदि रसिद लिन सकिने।

(ज) दरखास्तसाथ पेश गर्नुपर्ने कागजातहरूः आवेदकले प्रमाणित गरेका देहायका कागजातहरुको प्रतिलिपिः-
१.नेपाली नागरिकता, २.न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि, ३.२ (दुई) प्रति पासपोर्ट साइजको फोटो,

(झ) परीक्षा सञ्चालन मिति र स्थानः सूचना मार्फत जानकारी गराइनेछ ।

(ञ) अन्यः दरखास्त पेश गर्दा Hard Copy को हकमा गाउँपालिकाको कार्यालयमा स्वयं उपस्थित भई वा कार्यालयको आधिकारीक इमेल ठेगाना ito.shephoksundomun1@gmail.com मा समेत दरखास्त पेश गर्न सकिनेछ । इमेलमार्फत दरखास्त पेश गर्ने उम्मेदवारले दरखास्त पेश गर्ने अवधिको अन्तिम दिनको भोलिपल्ट कार्यालय समयभित्र उल्लेखित कागजात सहित कार्यालयमा उपस्थित हुनुपर्नेछ।

*थप जानकारीका लागिः- बरिष्ठ महिला विकास निरीक्षक श्री मिना शाही (९८४३३८५१८४)*

सुमन ढकाल
प्रमुख प्रशासकीय अधिकृत

सुमन ढकाल
प्रमुख प्रशासकीय अधिकृत

श्री सूचना प्रविधि शाखाः सूचना वेवसाइटमा अपलोड गर्ने, कार्यालयको सूचना पाटी तथा अन्य सार्वजनिक स्थलमा टाँस गर्ने।



Scanned with CamScanner